आज मिति २०८२ माघ ०५ गते बिहान ८.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री रामबाबु पौडेल |

आमन्त्रित

| | |
|---|---|
| १. शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ३. इन्जिनियर | श्री प्रकाश सिलवाल |

CS CamScanner

गाउँ कार्यपालिकाको यस अघिका बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

गाउँ कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को कार्य तथा सेवाहरुको अर्धबार्षिक समीक्षा गरियो ।

निर्णय नं. ३

गाउँ कार्यपालिकाकोलागि आवश्यक मेशीनरी तथा उपकरणको निम्नानुसारको स्पेशिफिकेशन स्वीकृत गरियो ।

निर्णय नं. ४

गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०८१/०८२ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन मिति २०८२/०९/२७ गते प्राप्त भएकोले उक्त प्रतिवेदनमा औंल्याईएका बेरुजुहरुको सम्वन्धमा आवश्यक छलफल गरि राय पेश गर्न लेखा समिति समक्ष पठाउने निर्णय गरियो ।

निर्णय नं. ५

विभिन्न वडा समितिहरुबाट वडा भित्रका योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन तथा योजना अनुगमनमा जाँदा भएको गाडी भाडा भुक्तानीको लागि अनुरोध भई आएकोले वडा समितिबाट सिफारिस भई आएका गाडी भाडा रकम स्वीकृत कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६

यस गाउँपालिकामा आउनुभएका अतिथिहरुको मिति २०८२ असोज देखि माग ३ सम्मको अतिथि सत्कार (खाना, खाजा) खर्चको खर्च भुक्तानीको लागि चित्रा देवी खाजा एण्ड भोजनालयबाट माग भई आएकोमा खर्च रकम रु १५७३७५।- अक्षरुपी एक लाख सन्ताउन्न हजार तीन सय पचहत्तर भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७

मिति २०८२।०९।०८ गते मंगलबारको दिन अपरान्ह ठिक ३.०० बजे बेनिघाट रोराङ गाउँ शिक्षा समितिका अध्यक्ष एवम् स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक)ज्यूको अध्यक्षतामा बसेको गाउँ शिक्षा समिति तथा स्थानीय तह (बेनीघाट रोराङ गाउँपालका) स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको संयुक्त बैठकका निर्णयहरु अनुमोदन गरियो ।

निर्णय नं. ८

यस गाउँपालिकाका देहायका जग्गाहरु भू बर्गिकरणमा छुट भएको भनी बर्गिकरणको लागि पेश हुन आएकोले देहायका जग्गा देहायका बर्गमा पर्ने निर्णय गरियो ।

| सिनं. | जग्गाधनिको नाम | सिट नं. | कि.नं. | क्षेत्रफल | बर्गिकरण क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हमलाल सुनार | वेनीघाट ३/ग | १३ | ७-०-०-० | कृषि | |

निर्णय नं. २५

वेनीघाट रोराङ गाउँपालिकाबाट चालु आर्थिक बर्ष २०८२/०८३ मा सम्पादन भएका सेवा प्रवाह तथा सञ्चालित योजना तथा कार्यक्रमहरुको दोस्रो त्रैमासिक प्रगति समिक्षा गरी पेश हुन आएको प्रतिवेदन माथि छलफल गरियो । सेवा प्रबाह तथा योजना तथा कार्यक्रमको समग्र प्रगति सन्तोष जनक रहेको र सुधार गर्नु पर्ने विषयलाई आगामी दिनमा सुधार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. २५

वेनीघाट रोराङ ९ बस्ने निम बहादुर चेपाङ समेतको वस्तिमा विद्युत सेवा उपलव्ध नभएकोले १००० मि. कालोतार उपलव्ध गराउने निर्णय गरियो ।

CamScanner